**Siddhartha Bank Ltd.**
Head Office
Naxal, Kathmandu, Nepal
P.O.Box: 13806
Phone: +977 1 5970720
info@sbl.com.np
SWIFT:SIDDNPKA
www.siddharthabank.com

SiddharthaBank

"A" Class Institution Licensed by Nepal Rastra Bank

651174

च.नं: ६२/SH/083/84

मिति : २०८३/०६/२९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषयः वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकको पच्चीसौं वार्षिक साधारण सभा मिति २०८३ आश्विन २८ गते बुधबारका दिन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौंमा बिहान ९ बजे शुरु भई उक्त सभामा पेश भएका देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल गरी पारित भई सु-सम्पन्न भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

**(क) सामान्य प्रस्ताव तर्फ**

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको पच्चीसौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०८२ श्रावण १ देखि २०८३ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपूँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड" को आ.व.२०८२/८३ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको अविमोच्य असञ्चिति अग्राधिकार शेयरधनीहरुलाई बैंकको अग्राधिकार शेयरतर्फको चुक्ता पूँजी रु. ३,५०,००,००,०००/- (अक्षरेपी तीन अर्ब पचास करोड मात्र) को ८.२५ प्रतिशतका दरले हुने रकम रु. १०,७५,८९,०४१/-(अक्षरेपी दश करोड पचहत्तर लाख उनान्नब्बे हजार एकचालिस रुपैया मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) शेयर बाँडफाँड भएको मिति देखि आषाढ मसान्त, २०८३ सम्मको लागि समानुपातिक रुपमा (१३६ दिनको) वितरण गर्न स्वीकृत गर्ने ।

६. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको वितरणयोग्य मुनाफाबाट साधारण शेयरधनीहरुलाई बैंकको साधारण शेयरतर्फको चुक्ता पूँजी रु. १४,७९,४४,७९,१९५/- (अक्षरेपी चौध अर्ब उनान्असी करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को १० प्रतिशतका दरले हुने १,४७,९४,४७,९२०/- (एक अर्ब सड्चालिस करोड चौरानब्बे लाख सड्चालिस हजार नौ सय बिस रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

SiddharthaBank

(ख) **विशेष प्रस्ताव**

१. नेपाल राष्ट्र बैंकबाट मिति २०८२/१०/२८ मा प्राप्त निर्देशन बमोजिम गत वर्ष बैंकको जारी तथा चुक्ता पूँजीमा हेरफेर गर्ने गरी प्रबन्धपत्रमा भएको संशोधन सम्बन्धी व्यहोरा अनुमोदन गर्ने ।
२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको साधारण शेयरधनीहरुलाई पूँजी समायोजन कोषमा रहेको रकमबाट साधारण शेयरतर्फको चुक्ता पूँजी रु. १४,७९,४४,७९,१९५/- (अक्षरेपी चौध अर्ब उनानअसी करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैँया मात्र) को १० प्रतिशतका दरले हुने रु. १,४७,९४,४७,९२०/-(एक अर्ब सड्चालिस करोड चौरानब्बे लाख सड्चालिस हजार नौ सय बिस रुपैया मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।
३. बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने ।
४. माथि प्रस्ताव गरिए बमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृती र अभिलेखका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन सुझाव प्राप्त भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
५. बैंकले आ.व. २०८२/८३ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐनको दफा १०५ (१) (ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

(ग) **विविध**

**पुनश्च:** यस वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट) पूर्णरुपमा तयार भए पश्चात् प्रचलित ऐनमा व्यवस्था भए बमोजिम ३० दिन भित्र पेश गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

भवदीय,

Siddhartha Bank

लक्ष्मण घिमिरे
कम्पनी सचिव

**बोधार्थ:**

१. श्री बैंक सुपरीवेक्षण विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं ।
२. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
५. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
६. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं